# चितवन जिल्ला अदालत

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मितिः २०७८/०९/१९

चितवन जिल्ला अदालतको लागि आ.व. २०७८/७९ मा शिलबन्दी दरभाउपत्रद्धारा शौचालय निर्माण गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक फर्म, कम्पनी वा संस्थाबाट देहायवमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

१.दरभाउपत्र फारम खरिद गर्न ईच्छुक फर्म, कम्पनी वा संस्थाले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र फिर्ता नहुने गरी रु १००० (अक्षरेपी एक हजार) शुल्क राष्ट्रिय वाणिज्य बैंकको खाता नं **१०००२०००१००००**, कार्यालय कोड **२०४९७३१०१**, राजश्व शिर्षक नं.**१४२२९** मा जम्मा गरी फर्म नविकरण भएको इजाजतपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, स्वघोषणा पत्र,आ.व. ०७७।७८ को कर चुक्ता प्रमाणपत्र लगायतका प्रमाणित प्रतिलिपिहरु निवेदन साथ राखी यस कार्यालयबाट शिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको शिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजे भित्र खाम बाहिर कार्यालयको नाम ठेगाना, कामको विवरण, ठेक्का नं., फर्मको नाम, ठेगाना, फोन नं स्पष्ट उल्लेख गरी यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र फारम दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा दिनको ठिक २:०० बजे कार्यालयमा खोलिनेछ। उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र फारम खोल्न बाधा पर्ने छैन।

३.कारणवस शिलबन्दी दरभाउपत्र फारम बिक्रि, दर्ता वा खोल्ने दिन विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुलेको दिनमा क्रमशः सोही समयमा शिलबन्दी दरभाउपत्र फारम बिक्रि तथा दर्ता गर्ने कार्य गरिनेछ ।

४.दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा व्यवसायसँग सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित स्वघोषणा कागजात शिलबन्दी दरभाउपत्र साथ पेश गर्नेपर्नेछ।

५. शिलबन्दी दरभाउपत्र फारमसाथ कामको मूल्य, मूल्य अभिबृद्धि कर सहितको रकम खुलाइ अंक र अक्षरमा स्पष्ट लेखी आवश्यक कागजात र धरौटी बापतको रकम रु ३८०००।०० (अठतीस हजार रुपैंया मात्र।) राष्ट्रिय बाणिज्य बैंकमा रहेको को.ले.नि.का. चितवनको धरौटी खाता नं. **१३१०१००१०२०३००००** मा कार्यालय कोड **२०४९७३१०१** राखी जम्मा गरेको बैंक भौचर वा शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको विड वण्ड समेतका आवश्यक कागजातहरू शिलबन्दी दरभाउपत्र फारम साथ पेश गर्नुपर्नेछ ।

६. रीत नपुगी वा निर्धारित शर्त नपुगी एवं म्याद नाघि पेश हुन आएको शिलबन्दी दरभाउपत्र फारम उपर कुनै कारवाही गरिने छैन ।

७.प्राप्त शिलबन्दी दरभाउपत्र फारम स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

८. अन्य कुराहरू सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार हुनेछ ।

<u>तपशिल</u>

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | जमानत | अनुमानित लागत रु |
|---|---|---|---|---|
| १ | CDC/SQ/01/078-079 | Construction of Toilet at Chitwan District Court, chitwan | ३८,०००।- | १४,९८,९१५.२९(चौध लाख अन्ठानव्वे हजार नौ सय पन्ध्र रुपैंया उनन्तीस पैसा) मुल्य अभिवृद्धि कर समेत |

**नोटः** थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

सर्स्तेदार
उपसचिव